# शिवसताक्षी नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड ६ संख्या ४ माघ २०८०**


## भाग-२

## योजना अनुगमन तथा मूल्यांकन सम्बन्धि कार्यविधि२०८०

**नगरकार्यपालिकाबाट स्वीकृत मितिः २०८०-१०-२८**
**प्रमाणिकरण मितिः २०८०-११-०३**

प्रस्तावना

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्र भित्रको विकास निर्माण सम्बन्धि कार्य सञ्चालनको लागि योजना तथा कार्यक्रमहरुको सञ्चालन एवं मूल्यांकन कार्यलाई सहज एवं प्रभावकारी बनाउन अनुसार कार्यपालिकाबाट मितिः २०८०।१०।२८ स्वीकृत गरि यो कार्यविधि जारि गरेको छ ।

परिच्छेद १

प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम शिवसताक्षी नगरपालिकाको योजना अनुगमन तथा मूल्यांकन कार्यविधि २०८० रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२.परिभाषाः विषय वा प्रसंगले अर्का अर्थ नलागेमा यस कार्यविधिमाः

(क) “ प्रमुख ” भन्नाले शिवसताक्षी नगरपालिकाको प्रमुख सम्झनु पर्नेछ ।

(ख) “आयोजना ” भन्नाले शिवसताक्षी नगरपालिका वा सो अन्तर्गतको वडाबाट पूर्ण वा आंशिक लागत साझेदारीमा सञ्चालित योजना, कार्यक्रम, आयोजना वा परियोजनालाई सम्झनु

पर्नेछ । र यसले नगरसभाबाट स्वीकृत भएको गैर सरकारी संघ संस्था,गैर नाफामुलक संस्था वा अन्य सामुदायिक संस्थाको आयोजना समेतलाई बुझाउँदछ ।

(ग)“उपभोक्ता” भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने आयोजना सञ्चालन हुने क्षेत्र भित्रका व्यक्तिलाई जनाउँछ ।

(घ)“उपभोक्ता समिति” भन्नाले आयोजनाको निर्माण ,सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नका लागि उपभोक्ताले आफूहरु मध्येबाट गठन गरेको समिति सम्झनु पर्दछ ।

(ङ)“कार्यालय” भन्नाले नगर कार्यपालिकाको कार्यालयलाई बुझाउँदछ ।सो शब्दले वडा कार्यालय समेतलाई बुझाउँदछ ।

(च) “कार्यपालिका” भन्नाले नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(छ)“ठूला मेसिनरी तथा उपकरण ” भन्नाले ठूला उपकरण(बुलडोजर ,एक्साभेटर आदि) र श्रममूलक प्रविधिलाई विस्थापित गर्ने खालका मेसिनरी तथा उपकरण सम्झनु पर्दछ ।

(ज) “पदाधिकारी” भन्नाले उपभोक्ता समितिका अध्यक्ष ,उपाध्यक्ष,सचिव र कोषाध्यक्षलाई सम्झनु पर्दछ ।

(झ)“वडा” भन्नाले नगरपालिका भित्रका वडालाई सम्झनु पर्दछ ।

(ञ)“वडा अध्यक्ष” भन्नाले आयोजना सञ्चालन भएको वडाको वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

(ट)“सदस्य” भन्नाले उपभोक्ता समितिका सदस्यलाई जनाउनेछ र सो शब्दले उपभोक्ता समितिका पदाधिकारीलाई समेत जनाउनेछ ।

(ठ)“सम्झौता” भन्नाले आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि कार्यालय र उपभोक्ता समिति बिच भएको लिखित करारनामा वा कबुलियतनामालाई जनाउनेछ ।

(ड)“अध्यक्ष” भन्नाले उपभोक्ता समितिका अध्यक्षलाई सम्झनु पर्दछ ।

(ढ)“प्रमुख प्रशासकीय अधिकृत ” भन्नाले शिवसताक्षी नगरपालिकाको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्न तोकिएको कर्मचारीलाई जनाउनेछ ।

३.कार्यविधिको पालना गर्नुपर्नेः (१)नगरपालिका भित्र कार्यन्वयन हुने आयोजनाको निर्माण,सञ्चालन,अनुगमन तथा मूल्यांकन एवं योजना फरफारक गर्ने कार्यमा संलग्न यस कार्यविधिमा तोकिएका पदाधिकारीहरु,कर्मचारीहरु तथा नगरपालिका कार्यालयले पूर्ण रुपमा यो कार्यविधिको पालना गर्नुपर्नेछ ।

## परिच्छेद २
## उपभोक्ता समितिको गठन र सञ्चालन

४.उपभोक्ता समिति गठन सम्बन्धि व्यवस्थाः उपभोक्ता समिति गठन र सञ्चालन नगरपालिकाबाट स्वीकृत उपभोक्ता समिति गठन,परिचालन तथा व्यवस्थापन कार्यविधि २०७५ बमोजिम हुनेछ ।

५.कार्यदेश विना कार्य सुरु गर्न नहुनेः(१)उपभोक्ता समितिले आयोजनाको कार्य शुरु गर्नु भन्दा अघि नगरपालिकासँग उपभोक्ता समिति गठन ,परिचालन तथा व्यवस्थापन कार्यविधि , २०७५ बमोजिम सम्झौता गरी कार्यदेश लिनुपर्नेछ ।

(२)उपदफा (२) बमोजिम सम्झौता नगरी काम गरेमा कार्यालयले सो बापत भएको खर्चको भुक्तानी दिने छैन ।

## परिच्छेद ३
## अनुगमन समितिको व्यवस्था

६.वडा स्तरीय अनुगमन समितिः(१)नगरपालिकाका प्रत्येक वडामा वडाध्यक्षको संयोजकत्वमा देहाय बमोजिमको एक अनुगमन समिति रहनेछ ।

वडा अध्यक्ष- संयोजक

वडा सदस्यहरु -सदस्य

संबन्धित वडा हेर्न नगरपलिकाले तोकेको प्राविधिक/सम्बन्धीत शाखाको कर्मचारी- सदस्य

वडा सचिव- सदस्य सचिव

(२)वडा स्तरीय अनुगमन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) नगरसभा तथा नगर कार्यपालिकाबाट स्वीकृत वडा स्तरीय योजना /आयोजनाहरुको कार्यन्वयनका लागि कार्य योजना निर्माणमा कार्यालयलाई सहयोग एवं सहजीकरण गर्ने ।

(ख) आयोजनाको कार्यान्वयनमा सहजीकरण गर्ने तथा कार्यान्वयनका क्रममा देखिएका वाधा व्यवधान र समस्या समाधानमा समन्वय गर्ने तथा आवश्यक निर्देशन दिने ।

(ग) आयोजनाको कार्यन्वयन पूर्व निर्धारित कार्यतालिका अनुसार भए नभएको यकिन गर्ने तथा नभएको पाईएमा सम्बन्धित पक्षलाई सल्लाह सुझाव दिने ।

(घ) स्वीकृत लागत स्टमेट तथा मापदण्ड बमोजिम काम भए नभएको हेर्ने तथा सो बमोजिम नभएमा सम्बन्धित पक्षलाइ सचेत गराउने ।

(ङ) आफ्नो वडामा विषयगत शाखाहरु, विभिन्न सरकारी निकायहरु,गैर सरकारी निकायहरु, विकास साझेदारहरु,सहकारी संस्थाहरु,सामुदायिक वन उपभोक्ता समितिहरु ,जलश्रोत उपभोक्ता समितिहरु आदिले गरेका विकास कार्यक्रमहरुको अनुगमन ,सुपरिवेक्षण तथा मूल्यांकन गरी प्रतिवेदन दिने ।
(च) नगर सभा तथा नगर कार्यपालिकाबाट स्वीकृत रु पाँच लाखसम्मका वडा स्तरीय योजनाको कार्य सम्पन्न भएपश्चात अनुगमन गरी सम्झौता बमोजिम भएकोमा भुक्तानीका लागि सिफारिस गर्ने ।

७.नगर स्तरीय अनुगमन समितिः(१)नगरपालिका भित्र सञ्चालित कार्यक्रम तथा
आयोजनाहरुको अनुगमन गर्न देहाय बमोजिमको एक नगर स्तरीय अनुगमन समिति रहने छः
(क) नगर उप प्रमुख - संयोजक
(ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तर कर्मचारी- सदस्य
(ग) सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्यः सदस्य
(घ) नगरपालिकाको सम्बन्धित विषय हेर्ने शाखाको प्रमुख/इन्जिनियर सदस्य
(ङ) योजना शाखा प्रमुख- सदस्य सचिव

(२) नगर स्तरिय अनुगमन समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछः
(क) नगर सभा तथा नगर कार्यपालिकाबाट स्वीकृत योजना /आयोजनाहरुको कार्यन्वयनका लागि सहयोग एवं सहजीकरण गर्ने ।

(ख) आयोजनाको कार्यान्वयन पूर्व निर्धारित कार्यतालिका,मापदण्ड तथा लगत स्टमेट अनुसार भए नभएको यकिन गर्ने तथा नभएको पाईएमा सम्बन्धित पक्षलाई निर्देशन दिने ।

(ग) नगर क्षेत्र भित्र सरकारी गैरसरकारी वा अन्य निकायहरुकबाट सञ्चालित सामाजिक एवं भौतिक विकासका कार्यहरुको अनुगमन मूल्यांकन गरी सुझाव सल्लाह दिने ।
(घ) नगर सभा तथा नगर कार्यपालिकाबाट स्वीकृत योजनाहरुको अनुगमन गरी फरफारकका लागि सिफारिस गर्ने ।

(ङ) नगरस्तरीय अनुगमन समितिले आवश्यकता अनुसार अन्य सरकारी वा गैरसरकारी निकायका

कर्मचारी वा पदाधिकारी, सरोकारवालाहरु तथा सञ्चारकर्मिलाई अनुगमनका लागि आमन्त्रण गर्न सक्नेछ ।

परिच्छेद ४

योजना अनुगमन

८.आयोजनाको अनुगमन

(१) आयोजना तथा कार्यक्रमको आवश्यकता अनुसार अनुगमन गरी सुझाव र प्रतिवेदन दिने

(२) अनुगमन प्रतिवेदनको ढाँचा अनुसुची १ बनमोजिम हुनेछ ।

९.साइट इन्चार्जः (१) कार्यालयले प्रत्येक योजनाको लागि एक जना साइट इन्चार्ज तोक्नेछ ।

१०.अनुगमन गर्ने र गराउनुपर्नेः (१) अनुगमन समितिहरुले योजना शुरु हुनु भन्दा अगाडि , ,योजनाको कार्य भैरहँदा अनुगमन गर्न सक्नेछ । र कार्य समाप्त भए पश्चात अनुगमन गर्नुपर्नेछ ।

(२)उपभोक्ता समितिले साइट इन्चार्ज मार्फत वा सोझै अनुगमन समिति अध्यक्ष वा सदस्य मार्फत अनुगमनका लागि अनुरोध गर्न सक्नेछ ।

(३) आयोजना तथा कार्यक्रमको कार्यप्रगति अनुसारको भुक्तानी र अन्तिम भुक्तानीको लागि अनुगमन प्रतिवेदन पेश हुनुपर्ने ।

(४) अनुगमन समितिले अनुगमन गरेको मितिले कम्तिमा १५ दिनभित्र प्रतिवेदन दिइसक्नुपर्नेछ ।

१३.योजना फरफारकः(१) कार्यालयबाट योजना फरफारक हुनका लागि कार्यविधिमा उल्लेखित कुराहरुको अतिरिक्त देहाय बमोजिम हुनुपर्नेछः

(क)अनुगमन समितिको सिफारिस 

- रु ५ लाख सम्मको वडास्तरीय योजनाको हकमा वडास्तरीय योजना अनुगमन समितिको सिफारिस 

- नगर स्तरीय योजनाहरु तथा रु ५ लाख भन्दा माथिका वडास्तरीय योजनाहरुको हकमा नगरस्तरीय अनुगमन समितिको सिफारिस
- आवश्यकता अनुसार वडास्तरीय योजना समेत नगरस्तरीय अनुगमन समितिले अनुगमन गर्न सक्नेछ ।
-

(२)अनुगमन समितिले सिफारिस दिँदा अन्य आवश्यक देखिएका विषयका अतिरिक्त सिफारिस गरिएका योजना पूर्व निर्धारित मापदण्ड तथा स्वीकृत लगत अनुमान बमोजिम कार्य सम्पन्न भएको तथा भुक्तानी दिई योजना फरफारक गरिदिने सम्बन्धि स्पष्ट लेखिएको हुनुपर्नेछ ।

अनुसुचि १

(कार्यविधिको दफा ८ (३) सँग सम्बन्धित )

योजना अनुगमन प्रतिवेदन

आयोजनाको विवरणः

१ कार्यक्रम, आयोजना तथा परियोजनाको नाम

२.कार्यान्वयन प्रक्रियाः (उपभोक्ता समिति/ठेक्का/ सेवाप्रदायक/अमानत)

३. कुल अनुमानित लागत रुः

४. कुल सम्झौता रकम रुः

५. लागत सहभागिता रुः

- नगरपालिकाबाट रु
- उपभोक्ताबाट रु
- सेवा प्रदायकबाट रु
- अन्यबाट रु

६ सम्झौता मितिः

७ कार्य प्रारम्भ मिति

८ सम्पन्न हुने मितिः

९ आयोजना सम्पन्न गर्ने मितिः

१० आयोजनाबाट लाभान्वित संख्या/क्षेत्र/वर्ग/परिणाम

११ अनुगमनमा देखिएको प्रगती

- ..........................
- ..........................
- ..........................
- ...........................
- ..........................

१२ सम्झौता बमोजिमको कार्ययोजना/माइलस्टोन अनुसार काम भए नभएको

- ➢ ........................
- ➢ ........................

१३ यस अघि समेत अनुगमन भएको भए सोको विवरण

- ➢ ........................
- ➢ ........................

११ सुधार गर्नुपर्ने विषयहरुः

- ➢ ........................
- ➢ ........................

१२ सुझाव/राय

- ➢ ........................
- ➢ ........................
- ➢ ........................
- ➢ ........................
- ➢ .......................

अनुगमन गर्ने पदाधिकारीहरुः
संयोजकः

सदस्यः

सदस्यः

सदस्यः

सदस्यः

सदस्यः

सदस्य सचिवः

**आज्ञाले**
**अमृत बहादुर राई**
**प्रमुख प्रशासकीय अधिकृत**